गण्डकी प्रदेश सरकार

कृषि तथा भूमि व्यवस्था मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा तालिम केन्द्र

पोखरा, नेपाल

**(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण)**

ईमेलः rltcpokhara@gmail.com

वेबसाईटः www.ltcpokhara.gov.np

सम्पर्क नम्बरः +९७७-०६१७४१९५/९८५६०३७१९५



**जय पशु तथा मत्स्य धन !**

**विषयसूची**


१. परिचयः ........ 3

१.१ उद्देश्यः ........ 3

१.२ कार्यनीति ........ 4

२. तालिमको आवश्यकताः ........ 5

३. कर्मचारी विवरण ........ 7

४. पशु सेवा तालिम केन्द्र पोखरा, गण्डकी प्रदेशको कार्य विवरण (TOR) ........ 8

५. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः ........ 9

६. यस आ. व २०७९/०८० मा सम्पन्न भएका मुख्य मुख्य कार्यको विवरणः ........ 9

६.१ पूँजीगत तर्फका कार्यक्रमहरु ........ 9

६.२ चालुगत तर्फका कार्यक्रमहरु ........ 9

७. वार्षिक बजेट र खर्च विवरण ........ 10

८. तालिम सञ्चालन तथा पाठ्यक्रम विकासमा संलग्न समितिहरु ........ 11

८.१ तालिम निर्देशन समिति ........ 11

८.२ तालिम पाठ्यक्रम निर्धारण तथा पुनरावलोकन समिति ........ 11

८.३ तालिम व्यवस्थापन प्राविधिक समिति ........ 12

८.४ सहभागी छनौट तथा मनोनयन ........ 12

९. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः ........ 13

१०. सार्वजनिक निकाएको वेभसाईट : ........ 13

११. पशु सेवा तालिम केन्द्रले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामवाली ........ 13

## १. परिचयः

वि.सं. २०५२ साल आषाढ महिनामा कृषि विकास विभागको संरचनामा परिवर्तन भइ पशु सेवा विभागको स्थापना भए पश्चात पशु सेवा तर्फको तालिम कार्यक्रमहरु सञ्चालन गर्न गराउनका लागि केन्द्रीय स्तरमा पशु सेवा तालिम तथा प्रसार निर्देशनालय र यस अन्तर्गत पाँच विकास क्षेत्रमा क्षेत्रीय पशु सेवा तालिम केन्द्रहरुको स्थापना भएसँगै पश्चिमाञ्चल विकास क्षेत्रका लागि क्षेत्रीय पशु सेवा तालिम केन्द्र, पोखराको स्थापना भयो। तत् पश्चात तालिम केन्द्रले पश्चिमान्चल विकास क्षेत्र अन्तर्गतका १६ जिल्लाहरुका कृषकहरु र पशु सेवा तथा पशु स्वास्थ्य क्षेत्रमा निजी एवम सरकारीस्तरमा कार्यरत सहायक स्तरका प्राविधिक कर्मचारीहरुलाई पशु सेवा प्रविधि प्रसार सम्बन्धी ज्ञान, सीप तथा क्षमतामा अभिवृद्धि गर्न विभिन्न विषयगत तालिमहरु सञ्चालन गर्दै आईरहेको थियो। यसका साथै तालिम केन्द्रले अन्य सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय गरी तालिमहरु सञ्चालन गर्ने तथा यस्ता निकायद्वारा सञ्चालित तालिमहरुको अनुगमन तथा मुल्याङ्कन समेत गर्ने गर्दथ्यो।

नेपालको संविधान २०७२ अनुसार संघीयता कार्यान्वयन भए सँगै विगतको क्षेत्रीय पशु सेवा तालिम केन्द्र गण्डकी प्रदेश सरकार मातहतको कृषि क्षेत्र हेर्ने सहकारी मन्त्रालय अन्तर्गत रही पशुपन्छी तथा मत्स्य सम्बन्धी सबै स्तरका (कृषक, व्यवसायी, प्राविधिक र अधिकृत) विभिन्न तालिम कार्यक्रमहरुको आवश्यकता पहिचान, तालिम पाठ्यक्रम तथा सामग्री विकास, तालिम सञ्चालन र तालिम अनुगमन तथा मुल्याङ्कन गारने तथा अनुसन्धानमा आधारित प्रविधि विकास र प्रसारमा संलग्न रहने गरी पशु सेवा तालिम केन्द्रका नाममा रुपान्तरण गरियो। तत्कालिन मुख्यमन्त्री माननीय श्री पृथ्वी सुब्बा गुरुङ्गज्यूबाट २०७५ साल भाद्र १२ गते कार्यालयको समुद्घाटन भए पश्चात यस तालिम केन्द्रले आफ्नो कार्य विवरण अनुसारका
कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ।

### १.१ उद्देश्यः

पशुपन्छी तथा मत्स्य विकासको माध्यमबाट स्वरोजगार प्रवर्धन र आयआर्जनका वैकल्पिक अवसरहरु श्रृजना गरी गरिबी न्यूनीकरण, पारिवारिक पोषण र जीवनस्तरमा सुधार गर्दै व्यावसायीकरण, उत्पादन विविधीकरण, बजारीकरण लक्षित रणनीति अख्तियार गरी उद्यमशीलताको प्रवर्धन र पशुपन्छी तथा मत्स्यजन्य उत्पादनमा प्रादेशिक आत्मनिर्भरता हासिल गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्धनमा टेवा पुऱ्याउनु यस केन्द्रको मुख्य उद्देश्य रहेको छ।

**यस केन्द्रका  अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन्।**

(१) व्यावसायिक पशुपन्छीपालन व्यवसाय स्थापना, सञ्चालन, विस्तार गर्न इच्छुक कृषक, व्यवसायीहरुलाई समय सापेक्ष आधुनिक तथा उन्नत प्रविधि सम्बन्धी ज्ञान, सीप उपलब्ध गराई पशुपालन व्यवसायलाई आयमूलक, दिगो र मर्यादित पेशाका रुपमा विकसित गरी स्वच्छ तथा स्वस्थ पशुजन्य उत्पादन वृद्धि गर्न सहयोग गर्ने।

(२) पशु सेवा तथा पशु स्वास्थ्य र मत्स्य क्षेत्रको सेवा प्रभावकारी बनाउन गण्डकी प्रदेशका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मत्स्य विकास केन्द्र र स्थानीय तहहरुमा कार्यरत प्राविधिक जनशक्तिहरुको समयानुसार प्राविधिक ज्ञान, सीप, क्षमताको अभिवृद्धि गराई पशुपन्छी रोग निदान तथा उपचार र नियन्त्रण तथा रोकथाम, पशु आहारा उत्पादन प्रवर्धन, पशुपालन व्यवस्थापन र बजारीकरणमा सघाउ पुऱ्याउनका लागि अधिकृतस्तर र सहायकस्तर तालिमहरु सञ्चालन गर्ने।

(३) अन्य सरकारी तथा गैरसरकारी संघ संस्थासँग समन्वय गरी विभिन्न किसिमका तालिमहरु सञ्चालन गर्ने।

(४) समय सापेक्ष तालिम सामग्रीहरु, तालिम पाठ्यक्रमहरु विकास तथा परिमार्जन गर्ने।

(५) तालिम आवश्यकता पहिचान गर्ने र पहिचान गरिएका विषयवस्तुहरुलाई आगामी वार्षिक योजनामा समावेश गर्ने तथा तालिम प्राभावकारीता अध्ययन गर्ने गराउने।

(६) तालिम कार्यक्रमहरुलाई समावेशी बनाउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्त अपनाउने।

## १.२ कार्यनीति

"पशुपन्छी तथा मत्स्य विकास तालिम सञ्चालन निर्देशिका, २०७५" को दफा ४ मा व्यवस्था भए वमोजिम यस तालिम केन्द्रको कार्यनीति निम्न अनुसार रहेका छन्।

(१)प्रदेश अन्तर्गत रहेका पशुपन्छी तथा मत्स्य विकासका लागि कार्यरत विज्ञ केन्द्र, स्थानीय तहका पशुपन्छी विकास शाखा, सरकारी फार्म र साझेदार संस्थाहरुले मनोनयन गरेका पशुपन्छी तथा

मत्स्यपालक कृषक तथा उद्यमीहरुको विषयगत तालिम मार्फत ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न सम्बन्धित निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने।

(२) प्रदेश अन्तर्गत पशुपन्छी तथा मत्स्य विकासका सम्बन्धी कार्य गर्ने सरकारी तथा निजी क्षेत्रमा कार्यरत सहायक तथा अधिकृतस्तरका प्राविधिक जनशक्तिको विषयगत तालिम मार्फत क्षमता अभिवृद्धिका लागि आवश्यक समन्वय तथा सहकार्य गर्ने।

(३) बयस्क सिकाइका सिद्धान्तहरुमा आधारित रही तालिम चक्रका विभिन्न पक्षहरुको प्रभावकारी कार्यान्वयनका लागि कार्यविधि तथा मापदण्डहरुको तर्जुमा, विधि पहिचान, तालिम म्यानुअल तयारी र तालिम सामग्रीहरु निर्माण गर्ने तथा प्रसार सामग्रीहरुको विकास गर्दै जाने।

## २. तालिमको आवश्यकताः

पशुपन्छीपालन राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको अभिन्न अंग हो। कुल जनसंख्याको ५६.७ प्रतिशत जनसंख्या कृषि पेशामा आश्रित रहेको र कृषि क्षेत्रले कुल गार्हस्थ उत्पादनमा २३.९ प्रतिशत योगदान दिएको पाइन्छ भने कृषि क्षेत्रको गार्हस्थ उत्पादनमा पशुपालनको हिस्सा २७ प्रतिशत रहेको पाइन्छ।

विगतमा परम्परागत र निर्वाहमुखी रुपमा गरिँदै आएको पशुपालन व्यवसाय आजभोलि ग्रामीण जीवनयापनको आधार मात्र नभइ प्रमुख व्यवसायको रुपमा पनि विकसित हुदै आएको छ। पछिल्लो समयमा निजीस्तरमा व्यावसायकि पशुपन्छीपालनमा कृषकहरुको लगानी बढ्दो क्रममा रहेकाले देशका प्रमुख पकेट क्षेत्रहरुमा मझौला तथा ठुला निजि व्यावसायकि फार्महरुको संख्या पनि बढ्दै गइरहेको छ । खास गरी बैदेशिक रोजगारीबाट फर्केका  कोभडि-१९ बाट प्रभावति युवापुस्ताहरु विदेशमा सफल देखिएको पशुपालन ब्यवसायबाट प्रभावित भई स्वदेशमै ब्यवसायिक रुपमा पशुपालन गर्न तर्फ आकर्षित भएको पाइएको छ । यसका साथै रोजगारीमा समेत पशुपालन क्षेत्रले महत्वपूणर् योगदान दिदै आएको छ ।

पशुपालन क्षेत्रको राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेता पनि बढ्दो जनसंख्यालाई आवश्यक पशुजन्य पदार्थको आपूर्ति गर्न र दिनानुदिन बढ्दो बेरोजगार समस्या न्यूनीकरण गर्न समेत टेवा पुग्ने गरी यस क्षत्रको विकास गर्नु आजको आवश्यकता हो। गरिबी निवारण र रोजगारीका अवसरहरू श्रृजना गर्ने प्रशस्त संभावना

रहेको पशुपालन क्षत्रको केन्द्रविन्दु कृषक वर्ग नै हुन्। पशुपालनका नविनतम प्रविधिहरुको हस्तान्तरण गरि कृषक/व्यवसायी/उद्यमीहरुको ज्ञान, सीपर व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने सके उत्पादन र उत्पादकत्वको वृद्धि मात्र नभई स्वच्छ र गुणस्तरी पशुजन्य उपभोग उपजको उपलब्धता सुनिस्चित गर्न सकिन्छ। जसका लागि प्रभावकारी सिकाईको आवश्यकता् पर्दछ र प्रोढ सिकाइका सिद्धान्तमा आधारित रही सञ्चालन गरिने तालिम कार्यक्रमहरुले नै यसको मार्ग प्रसस्त गर्दछ।

**संगठन संरचना**

**(क) पशु सेवा तालिम केन्द्र पोखराको संगठन संरचना**

**वरिष्ठ पशु चिकित्सक/वरिष्ठ पशु विकास अधिकृत / वरिष्ठ मत्स्य विकास अधिकृत (९/१० औं तह)**
रा.प. द्वि.(कृषि भेट/लाइभस्टक/मत्स्य)-१

**तालिम शाखा**

पशु विकास अधिकृत (७/८ औं तह) —१
पशु चिकित्सक (७/८ औं तह) —१
मत्स्य विकास अधिकृत (७/८औं- १
प.से.प्रा./अधिकृत छैटौं (५/६ औं तह)-१
प्राविधिक सहायक मत्स्य (५/६ औं तह)-१

**प्रशासन फाँट**

सहायक (४/५ औं तह) —१
सहायक/सहलेखापाल (४/५ औं तह) —१
हलुका सवारी चालक (श्रेणीविहिन ) —१
कार्यालय सहयोगी (श्रेणीविहिन ) —२

**(ख) कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था**

| पद | दरबन्दी | पदपूर्ति | करार | रिक्त |
|---|---|---|---|---|
| व.प.चि/व.प.वि.अ/ व.म.वि.अ | १ | १ | ० | ० |
| प.वि.अ (ला.पो. एण्ड डे.डे.) | १ | १ | ० | ० |
| प.चि. (भेटेरिनरी) | १ | १ | १ | ० |
| म.वि.अ (मत्स्य) | १ | १ | १ | ० |

| | | | | |
|---|---|---|---|---|
| प.से.प्रा./अधिकृत छैटौं (ला.पो. एण्ड डे.डे.) | १ | १ | ० | ० |
| प्राविधिक मत्स्य सहायक | १ | १ | १ | ० |
| प्रशासनिक सहायक (प्रशासन) | १ | १ | ० | ० |
| सहलेखापाल (लेखा) | १ | १ | ० | ० |
| हलुका सवारी चालक | १ | १ | ० | ० |
| कार्यालय सहयोगी | २ | २ | ० | ० |
| **जम्मा** | **११** | **११** | **३** | **०** |

## ३. कर्मचारी विवरण

| **क्र. सं** | **कर्मचारीको नामथर** | **पद** | **श्रेणी /तह** | **सेवा** | **समूह** | **स्थायी ठेगाना** | **सम्पर्क नं** |
|---|---|---|---|---|---|---|---|
| १ | डा. गृष्म नेउपाने | व.प.वि.अ | अधिकृतस्तर दशौं | कृषि | ला.पो.एण्ड डे.डे. | सुन्दरबजार-४,दुराडाँडा, लमजुङ | ९८५६०३७१९५ |
| २ | श्री गोमा कुमारी श्रेष्ठ | प.वि.अ | अधिकृतस्तर आठौं | कृषि | ला.पो.एण्ड डे.डे. | पोखरा-११, कास्की | ९८४६०३२१४० |
| ३ | श्री मनिष देवकोटा | म.वि.अ | अधिकृतस्तर सातौं | कृषि | मत्स्य | पालुङटार-०४, गोरखा | ९८४५९५३५२९ |
| ४ | डा. सरोज वाग्ले | प.चि | अधिकृतस्तर सातौं | कृषि | भेटेरिनरी | व्यास — ५, तनहुँ | ९८४५४४७५७ |
| ५ | श्री दिपक रानाभाट | प.से.प्रा. | अधिकृतस्तर छैटौं(प्रा) | कृषि | ला.पो. एण्ड डे.डे. | पोखरा -१७, कास्की | ९८४६०२०८८५ |
| ६ | श्री रमेश सिग्देल | सहायक स्तर | सहायकस्तर पाँचौ | प्रशासन सेवा | सामान्य प्रशासन | आधिखोला गा.पा स्याङ्जा | ९८५६०४५१८५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | श्री तेजन लामिछाने | लेखापाल | सहायकस्तर पाचौं | प्रशासन सेवा | लेखा | पोखरा-२१ निर्मल पोखरी कास्की | ९८४५०९९३२६ |
| ८ | श्री अस्मिता रेग्मी | प्रा.स. | सहायकस्तर पाँचौ | कृषि | मत्स्य | वागलुङ न.पा. ५-मालिका | ९८४१३२७७४६ |
| ९ | महादेव बराल | हलुका सवारी चालक | श्रेणी विहिन | प्रशासन सेवा | नेपाल इन्जिनियरिंग | पोखरा-२२, पुम्दी, कास्की | ९८५६०५१५१३ |
| १० | श्री ध्रुवप्रसाद आचार्य | कार्यालय सहयोगी | पाचौं श्रेणी | प्रशासन सेवा | सामान्य प्रशासन | पोखरा -१६, कास्की | ९८४६१५०६२२ |
| ११ | श्री पार्वती पौडेल | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन सेवा | सामान्य प्रशासन | पोखरा - २६ कास्की | ९८४६८५७९१३ |

**४. पशु सेवा तालिम केन्द्र पोखरा, गण्डकी प्रदेशको कार्य विवरण** (TOR)

क) प्रदेश स्तरमा पशु सेवा सम्बन्धी तालिम नीति, कार्यविधि, मापदण्ड तथा प्राविधिक नर्मस तर्जुमा गर्ने।

ख) तालिम आवश्यकता पहिचान (Training Need Assessment) गर्ने।

ग) तालिम सामग्री तयार गर्ने।

घ) तालिम सञ्चालन कार्ययोजना बनाउने।

ङ) पशु सेवा सम्बन्धी समय सापेक्ष विभिन्न विषयगत तालिमको पाठ्यक्रम तयारी तथा परिमार्जन गर्ने।

च) पशुपन्छी तथा मत्स्य सम्बन्धी उत्पादन, स्वास्थ्य, असल अभ्यासलगायत अन्य सम्बन्धित विषयमा तालिम सञ्चालन गर्ने।

छ) कृषक, उद्यमी, मध्यम तथा अधिकृत स्तरका कर्मचारीहरूका लागि ज्ञान,सीप तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गर्ने।

ज) सरकारी एवं गैरसरकारी संस्थाहरूसँगको समन्वयमा तालिम सञ्चालन गर्ने।

झ) प्रविधि प्रसार सामग्री तयारी तथा वितरण गर्ने।

ञ) तालिम प्रभावकारिता अध्ययन, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोका आधारमा विषयगत तालिमहरूको सुधार परिमार्जन र खारेजीका लागि नीतिगत पृष्ठपोषण प्रदान गर्ने।

ट) तालिम आवश्यकता पहिचान र तालिम सञ्चालनका क्रममा पहिचान गरिएका पशुपन्छी तथा मत्स्य पालन सम्बन्धी समस्याहरूको अनुसन्धानका लागि सम्बन्धीत निकायहरूसँग समन्वय गर्ने र प्राप्त नतिजाको कृषक र उद्यमी स्तरमा प्रचार प्रसार गर्ने।

ठ) विज्ञ केन्द्र तथा स्थानीय स्तरमा सञ्चालन हुने तालिमको पाठ्यक्रम विकास तथा निर्माणमा सहयोग गर्ने।

ड) तालिम लिएका तथा लिन बाँकी कृषक तथा प्राविधिकहरूको रेकर्ड राख्ने र सो तालिमको उचित रूपमा उपयोग भए नभएको बारे पृष्ठपोषण गर्ने ।

ढ) प्रदेश सरकारबाट स्वीकृत तालिम सञ्चालन निर्देशिका २०७५ बमोजिम कार्य गर्ने।

## ५. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

१. **कार्यालय प्रमुख** : डा. गृष्म नेउपाने, वरिष्ठ तालिम अधिकृत, सम्पर्क नं.: ९८५६०३७१९५

२. **सूचना अधिकारी** : श्री मनिष देवकोटा, मत्स्य विकास अधिकृत, सम्पर्क नं.: ९८५६०८२१९५

## ६. आ.व. २०८०/८१ दोस्रो त्रैमासिकमा सम्पन्न भएका मुख्य मुख्य कार्यको विवरणः

### ६.१ पूँजीगत तर्फका कार्यक्रमहरु

ग्यारेज निर्माण पुरा भएको

सोक पिट, बाटो ढलान, तालिम हल आदि निर्माणधीन अवस्थामा रहेको।

### ६.२ चालुगत तर्फका कार्यक्रमहरु

तालिम पश्चात प्रशिक्षार्थिहरुको ज्ञान, सीप र कार्य प्रगतिको अनुगमन

**तालिम सञ्चालन (पशुपन्छी तथा मत्स्य सम्बन्धी)-**

| क्र.स | तालिमको नाम | स्तर | सञ्चालन मिति | संयोजक | पुरुष | महिला | ज म्मा | आ ज | दलित | मधेसी | बा./क्षे | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मत्स्यपालन तालिम | सहायक | २०८०/७/१९ देखि २०८०/७/२४ | मनिष देवकोटा | १० | ७ | १७ | २ | १ | १ | १३ | ० | १७ |
| २ | व्यावसायिक बाख्रापालन तालिम | कृषक | २०८०/०८/२४ देखि २०८०/०८/२९ | गोमा कुमारी श्रेष्ठ | १७ | ५ | २२ | ७ | २ | ० | १३ | ० | २२ |
| ३ | व्यावसायिक गाईभैंसी पालन तालिम | कृषक | २०८०/०८/२४ देखि २०८०/०८/२९ | दिपक रानाभाट | २० | ४ | २४ | २ | ० | १ | २१ | ० | २४ |

## ७. वार्षिक बजेट र खर्च विवरण

आ.व. २०८०/०८१ को वार्षिक बजेट र खर्च

| क्र.सं. | आयोजना/कार्यक्रमको को नाम | बजेट उप शिर्षक नं. | वार्षिक विनियोजित वजेट | यस त्रैमासिकको कूल जम्मा खर्च |
|---|---|---|---|---|
| १ | चालु + पूँजि | ३१२०२०१२ | २६६४८ | ३८६९.०२ |

**कर राजश्वको विवरण (रु.):**

| क्र.सं. | राजश्व आम्दानीको शिर्षक | रकम रु |
|---|---|---|
| १ | कृषि उत्पादनको विक्रीवाट प्राप्त रकम | - |
| २ | प्राप्त राजश्व (रु.) | - |
| ३ | बेरुजुबाट प्राप्त रु | - |
| ४ | अन्य प्रशासनीक सेवा शुल्क | - |
| | जम्मा | - |

## ८. तालिम सञ्चालन तथा पाठ्यक्रम विकासमा संलग्न समितिहरु

पशुपन्छी तथा मत्स्य विकास तालिम सञ्चालन निर्देशिका, २०७५ को दफा ८ को उपदफा (८.१)मा तालिम निर्देशन समिति, दफा ९ को उपदफा (९.१) मा पाठ्यक्रम विकास तथा पुनरावलोकन समिति र दफा १० को उपदफा (१०.१) तालिम व्यवस्थापन प्राविधिक समिति रहेका छन्।

### ८.१ तालिम निर्देशन समिति

यस समितिले विशेष किसिमका तालिम सञ्चालन अनुमति प्रदान गर्ने, त्यस्ता तालिममा सहभागी हुन आवश्यक न्यूनतम योग्यता निर्धारण गर्ने र आवश्यकता अनुसार त्यसको पुनरावलोकन गर्ने कार्य गर्दछ। यसको संरचना पशुपन्छी तथा मत्स्य विकास तालिम कार्यक्रम सञ्चालन निर्देशिका-२०७५ देहाय वमोजिम रहेको छ।

क) सचिव, भूमि ब्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय -संयोजक

ख) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

ग) प्रमुख, पशुपन्छी विकास महाशाखा, कृषि तथा भूमि व्यवस्था मन्त्रालय -सदस्य

घ) प्रमुख, पशुपन्छी उत्पादन तथा वजार प्रवर्धन शाखा, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

ङ) वरिष्ठ तालिम अधिकृत -सदस्य सचिव

### ८.२ तालिम पाठ्यक्रम निर्धारण तथा पुनरावलोकन समिति

यस समितिले केन्द्रले सञ्चालन गर्ने सबै किसिमका तालिम कार्यक्रमहरुको विषय र सहभागीको स्तर अनुसार कार्यदिन र पाठ्यक्रम निर्धारण गर्ने, त्यसको आवश्यकता अनुसार पुनरावलोकन गर्ने र विषयगत तालिम अनुसार प्राविधिक नमर्स निर्धारण गर्ने कार्य गर्दछ। यसको संरचना पशुपन्छी तथा मत्स्य विकास तालिम कार्यक्रम सञ्चालन निर्देशिका-२०७५ देहाय वमोजिम रहेको छ।

क) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, -संयोजक

ख) प्रमुख, पशुपन्छी विकास महाशाखा, भूमि ब्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, -सदस्य

ग) वरिष्ठ तालिम अधिकृत , पशु सेवा तालिम केन्द्र, -सदस्य

घ) प्रमुख, पशुपन्छी स्वास्थ्य इपिडेमियोलोजी तथा नियमन शाखा, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, -सदस्य

ङ) प्रमुख, पशुपन्छी उत्पादन तथा वजार प्रवर्धन शाखा, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, -सदस्य

च) प्रमुख, मत्स्य विकास शाखा, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, -सदस्य

छ) फोकल अधिकृत, पशु सेवा तालिम केन्द्र, -सदस्य सचिव

**८.३ तालिम व्यवस्थापन प्राविधिक समिति**

यस समितिले तालिमको आवश्यकता पहिचान, तालिम योजना तयारी, तालिम सञ्चालन र तालिम अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यकहरुको व्यवस्थापनका लागि निर्देशन समिति र तालिम पाठ्यक्रम निर्धारण तथा पुनरावलोकन समितिबाट स्वीकृत हुनुपर्ने विषयहरुमा प्रस्ताव तयार गरी पेश गर्ने कार्य गर्दछ। यसको संरचना पशुपन्छी तथा मत्स्य विकास तालिम कार्यक्रम सञचालन निर्देशिका-२०७५मा देहाय वमोजिम रहेको छ।

क) वरिष्ठ तालिम अधिकृत , पशु सेवा तालिम केन्द्र -संयोजक

ख) प्रमुख, पशुपन्छी उत्पादन तथा वजार प्रवर्धन शाखा, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, -सदस्य

ग) अधिकृत प्रतिनिधि, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, -सदस्य

घ) कार्यलय प्रमुखले तोकेको अधिकृतस्तर कर्मचारी, -सदस्य

ङ) फोकल अधिकृत, -सदस्य सचिव

**८.४ सहभागी छनौट तथा मनोनयन**

यस केन्द्रमा सहभागीहरुको छनौट तथा मनोनयन पशुपन्छी तथा मत्स्य विकास तालिम सञ्चालन निर्देशिका २०७५ को दफा १४ अनुसार हुनेछ। जस अन्तर्गत निम्न व्यवस्थाहरु रहेको छ।

क) केन्द्रको पूर्ण आर्थिक दायित्व हुनेगरि सञ्चालन हुने तालिमः यस वर्गको कृषक/ उद्यमीस्तर सहभागीहरु र सहायकस्तर प्राविधिक सहभागीहरुको छनौट सम्वन्धित स्तानीय तहको पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वाट हुन्छ भने अधिकृतस्तर प्राविधिक सहभागीहरुको छनौट पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयवाट हुन्छ।

ख) यस तालिम केन्द्रमा तालिममा सहभागी हुन पाउँ भनी व्यक्तिगतरुपमा कार्यालयमा निवेदन पेश गर्ने योग्यता पुगेका कृषक, उद्यमी तथा कर्मचारीहरु लाई कार्यालयलाई आर्थिक दायित्व नपर्ने गरि केन्द्र कार्यालय प्रमुखले तालिममा समावेश गराउन सकिने व्यवस्था रहेको छ। तर कुल संख्याको २०% भन्दा वढी समावेश गर्न भने पाईने छैन।

ग) केन्द्रको आर्थिक दायित्व नहुनेगरि सञ्चालन हुने साझेदारी तालिमा सहभागीहरुको छनौट सम्वन्धित साझेदारबाट नै हुन्छ।

घ) अधिकृतस्तर तथा सहायकस्तर सेवा प्रवेश तथा सेवाकालीन तालिमका सहभागीहरुको छनौट पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट हुन्छ।

**९. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

यस पशु सेवा तालिम केन्द्रबाट प्रवाह गरिने सबै सेवा निशुल्क रुपमा गरिनेछ।

**१०. सार्वजनिक निकाएको वेभसाईट :**

यस पशु सेवा तालिम केन्द्रको वेभसाईटः www. ltcpokhara.gov.np

**११. पशु सेवा तालिम केन्द्रले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामवाली**

सबै सूचना खुला रहेको

# धन्यवाद !!!